भीमेश्वर नगरपालिका
कार्यपालिकाको ५०औं बैठकका निर्णयहरु
मिति : २०८२/१०/२३ गते

निर्णय नं. १ : यस नगरपालिकाको मिति २०८२ माघ २४ गते आव्हान हुने आठौ नगरसभाको संलग्न कार्यसूची स्वीकृत गर्ने ।

निर्णय नं. २ : यस नगरपालिकाको विगत आ.व.हरुको तपसिलको अनियमित उल्लेख बेरुजुहरु नगर सभाबाट नियमित गरी बेरुजु फछ्यौंटका लागि मिति २०८२ माघ २० गते आव्हान हुने आठौ नगरसभामा पेश गर्ने ।

क) आर्थिक वर्ष २०८०/०८१ को रु १ करोड १ लाख ५ हजार २ सय २१ रुपैया
ख) आर्थिक वर्ष २०७९/०८० को रु ९३ लाख ३४ हजार ३ सय २ रुपैया
ग) आर्थिक वर्ष २०७८/०७९ को रु २ करोड २ लाख २ हजार ६३ सय ६ सय ८४ रुपैया

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्रमा निर्माण भएको चरिकोट ढल आयोजना सन्चालनका लागि अभ्यास अध्ययन गर्न मिति २०८२ माघ १ गतेदेखि ५ गतेसम्म यस नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको नेतृत्वमा जनप्रतिनिधि तथा कर्मचारी सम्मिलित अध्ययन टोलीले बिराटनगर महानगरपालिका, मोरङमा सन्चालनमा रहेको ढल आयोजना साथै मिक्लाजुंग गाउँपालिका, पाँचथर र दिक्तेल रुपाकोट मझुवागंढी नगरपालिका, खोटाङमा रहेको किवी जुस उत्पादन उद्योगको अध्ययन, अवलोकन तथा अन्तरक्रिया कार्यक्रमको नगर प्रमुखज्यूबाट प्रस्तुतीकरण भयो । चरिकोट ढल आयोजना सन्चालनको व्यवसायिक योजना स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं. ४ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रमको कार्यक्षेत्र/प्रकृति, ठेगाना फरक परेको तथा विविध कारणले कार्यान्वयन हुन नसकेका तपसिलका योजना तथा कार्यक्रम संशोधनका लागि प्रस्ताव पेश गर्ने ।

| नगर /वडा नं | बजेट शिनं. | साविकको योजना | रकम रु | संशोधित योजना | रकम |
|---|---|---|---|---|---|
| नगर | २९ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत/सम्भार खर्च | ५ लाख | शहरी स्वास्थ्य केन्द्रलाई कम्प्युटर ,प्रिन्टर खरिद | २ लाख |
| | | | | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत/सम्भार खर्च | ३ लाख |
| | ३६ | सेवा र परामर्श खर्च | २ लाख | मेकानिकल ईन्जिनियर परामर्श खर्च | १ लाख ५० हजार |
| | | | | सिसिटिभी क्यामरा बिज्ञ परामर्श सेवा | ३० हजार |

भीमेश्वर नगरपालिका

कार्यपालिकाको ५०औ बैठकका निर्णयहरु

मिति : २०८२/१०/२७ गते

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हाई मास्ट लाईट बिज्ञ परामर्श सेवा | २० हजार |
| | ३७ | सूचना प्रणाली तथा सफ्टवेयर सन्चालन खर्च -अनुदान व्यवस्थापन समेत | ४ लाख | सूचना प्रणाली तथा सफ्टवेयर सन्चालन खर्च -अनुदान व्यवस्थापन समेत | २ लाख |
| | | | | स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली विवरण अद्यावधिक कार्य | १ लाख |
| | | | | सफ्टवेयर (PMIS, JMIS) बार्षिक मर्मत परामर्श खर्च | ७५ हजार |
| | | | | सिसिटिभी क्यामरा सन्चालन तथा मर्मत सेवा शुल्क | २५ हजार |
| | ४० | कर्मचारी तालिम खर्च -EBPS समेत | ३ लाख | सिभिल ईन्जिनियारिंग ल्याब तालिम | १ लाख |
| | | | | कर्मचारी तालिम खर्च | १ लाख |
| | | | | आयोजना तथा कार्यक्रमको तेस्रो पक्ष अनुगमन/मूल्यांकन | १ लाख |
| | ९० | किड्नी डायलाईसिस विपन्न बिरामी सहयोग कार्यक्रम | १० लाख | पशुपति चौलागाईं स्मृति अस्पताल, चरिकोट, दोलखा अनुदान | १० लाख |
| | १६२ | अकबरे खोर्सानी प्रवर्द्धन कार्यक्रम | ३ लाख | अकबरे खोर्सानी खेती कार्यक्रम, भीनपा ५ | १ लाख |
| | | | | अकबरे खुर्सानी खेतीका लागि गरा सुधार, भीनपा ४ | २ लाख |
| | १२५ | गृहिणी महिला सशक्तिकरण कार्यक्रम- प्रदेश म्यचिंग | ४ लाख | गृहिणी महिला सशक्तिकरण कार्यक्रम | २,७५,९१२/- |
| | | | | महिला कर्मचारीहरुको अध्ययन भ्रमण | १,२४,०८८/- |
| | ४३५ | कृषि प्रवर्द्धन कार्यक्रम, भीनपा ४ | ५ लाख | कृषि सहकारीसँगको साझेदारीमा चिस्यान केन्द्र स्थापना | ५ लाख |
| | ४३६ | पशुपन्छी प्रवर्द्धन कार्यक्रम, भीनपा ४ | २ लाख | पशुपन्छी प्रवर्द्धन कार्यक्रम | १ लाख |
| | | | | कृषि फार्म प्रवर्द्धन कार्यक्रम | १ लाख |
| | ३६१ | विपद व्यवस्थापन,भीनपा २ | ५ लाख | सोमेबजी छें थप | २ लाख |
| | | | | विपद व्यवस्थापन | १ लाख |
| | | | | विपद व्यवस्थापन सामग्री खरिद | २ लाख |
| ८ | ५६९ | जम्दारटोल माने सडक स्तरोन्नति आयोजना, | २ लाख | दलित बस्ती तीनधारा अन्तरे टोल दलित बस्ती गोरेटो बाटो आयोजना | २ लाख |
| ९ | २७७ | चिहान घेरावार -खरीढुङ्गा भीनपा ९ | २ लाख | मसानेपाटी निर्माण ,भीनपा ९ | २ लाख |
| | ६१६ | जमदार टोल नाला व्यवस्थापन | २ लाख | जमदार टोल गोरेटो बाटो निर्माण | २ लाख |

भीमेश्वर नगरपालिका

कार्यपालिकाको ५०औ बैठकका निर्णयहरु

मिति : २०८२/१०/२३ गते

निर्णय नं. ५ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको रोजगारी सिर्जनाका लागि विनियोजित बजेट रु १०,७१,२००/- (दश लाख एकहत्तर हजार दुई सय) तपसिल बमोजिमको योजनाहरुमा विभाजन गर्ने ।

| क.स. | योजनाको नाम | ठेगाना | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | कोथे खोला भुतछहरा पहिरो नियन्त्रण | भीनपा ७ | ५७६८००/- | ७ जना श्रमिक |
| २ | लप्से गोरेटो बाटो आयोजना | भीनपा ८ | ४९४,४००/- | ६ जना श्रमिक |
| जम्मा | | | १०,७१,२००/- | |

निर्णय नं. ६ : कृषि निरन्तरता संस्थाको स्वामित्वमा रहेको साविक माटी गाविस वडा नं. ८ (हाल भीनपा ५) मा रहेको जग्गा प्रयोगमा नरहेको र उक्त संस्थाले उल्लेखित जग्गा कृषि प्रदर्शनी एवम् अनुसन्धान प्रयोजनका लागि भीमेश्वर नगरपालिका, ५ नं. वडा कार्यालयलाई हस्तान्तरण गर्न ईच्छुक रहेकोले तपसिल बमोजिमका कि.नं. र क्षेत्रफल भएको जग्गा कृषि अनुसन्धान केन्द्रको रुपमा विकास गर्न उक्त संस्थाबाट रजिष्ट्रेशन पारित गरी स्वामित्व हस्तान्तरण गर्ने प्रक्रिया अगाडि बढाउन यस कार्यालयका कर्मचारी माधव प्रसाद सुवेदीलाई खटाउने ।

<table>
<tr><th>क्र.स.</th><th></th><th>कि.नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>१</td><td rowspan="6">साविक माटी गाविस-८ (हाल भीमेश्वर ५)</td><td>६४</td><td>३८६० व.मी.</td></tr>
<tr><td>२</td><td>७०</td><td>८५०० व.मी.</td></tr>
<tr><td>३</td><td>६१३</td><td>३६७० व.मी.</td></tr>
<tr><td>४</td><td>६१४</td><td>९७० व.मी.</td></tr>
<tr><td>५</td><td>६२५</td><td>१०८० व.मी.</td></tr>
<tr><td>६</td><td>७१</td><td>२८२० व.मी.</td></tr>
<tr><td>७</td><td></td><td>६१५</td><td>९८० व.मी.</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१८८० व.मी. (४२.९८ रोपनी)</td></tr>
</table>

निर्णय नं. ७ : यस नगरपालिकालाई पर्यटकीय शहरको रुपमा विकास गर्न स्रोतमा नै फोहर वर्गीकरण गरी फोहरमैला व्यवस्थापन कार्य भईरहेकोमा फोहरमैला व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय सम्वन्ध तथा सहकार्यका लागि Basel Conveintion Regional Centre for Asia and Pacific (BCRC CHINA)

बाट यस नगरपालिकालाई International Zero- waste City Network को सदस्यता (निशुल्क) को लागि आमन्त्रण भई आएकोले सदस्य बन्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. ८ : पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौंको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत डाङ्डुंगे डाँडामा फिल्म सिटीको पूर्वाधार निर्माण कार्यक्रममा विनियोजित रकम रु १,२१,५०,०००/- (एक करोड एक्काईस लाख पचास हजार) बाट खरीढुङ्गा - फिल्म सिटी सडक खण्डमा तपसिल बमोजिमको ढलान, सोलिंग, मेशिनरी वाल र प्रतिक्षालय निर्माण गर्ने गरी लागत अनुमान तयार गर्न पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौंलाई अनुरोध गर्ने ।

क) ढलान
ख) सोलिंग
ग) मेशिनरी वाल
घ) प्रतिक्षालय निर्माण

निर्णय नं. ९ : विविध

क) भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी नगरसभामा अनुमोदन हुने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

| क.स. | योजनाको नाम | ठेगाना | रकम रु | सि.नं. |
|---|---|---|---|---|
| १ | टासिचा पिंगल महादेव मन्दिर गोरेटो बाटो निर्माण/म | भीनपा २ | १,५०,०००/ | -३०३ |
| २ | परम्परा घट्ट सुधार (दुर्जा बहादुर थामी) | भीनपा १ | ५०,००० | ३०३ |
| ३ | परम्परा घट्ट सुधार (दलविर थामी) | भीनपा १ | ५०,००० | ३०३ |
| ४ | चित्रेश्वर महादेव मन्दिर निर्माण (प्रतिक्षालय) | भीनपा ८ | १,००,०००/ | ३०३ |
| ५ | महिला कर्मचारी अध्ययन तथा सिकाई आदन प्रदान | भीनपा | १,५०,०००/ | १३८ |
| ६ | महिला शिक्षक नेतृत्व क्षमता विकास कार्यक्रम | भीनपा | १,००,०००/ | १३८ |
| ७ | सिपमूलक तालिम सन्चालन (मिलिजुली महिला समूह) | भीनपा ४ | २७००० | १३८ |
| ८ | टार ओखरबोट गोरेटो बाटो योजना | भीनपा ८ | १,५०,०००/ | २८१ |
| ९ | रुपेश बस्नेत (विपन्न सहयोग) | भीनपा ३ | २५,०००/ | १९२ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०mm को पाईप ३०० मी. खरिद (गणेश श्रेष्ठ ) | भीनपा ५ | खरिद बिल | २८१ |
| ११ | प्रदेय नामक साहित्यिक पुस्तक (सम्पादक : चिरन्जीवी मास्के) छपाई खर्च | दिदि बहिनी अफसेट प्रा.लि. | ६०,०००/ | ३२ |
| १२ | बाहिर पिपलबोट र सानो चैत्य डबली निर्माण . भीनपा २ | उपभोक्ता समिति | १,५०,०००/ | २८१ |
| १३ | खानेपानी पाईप व्यवस्थापन, भीनपा ५ | कृष्ण बबहदुर बस्नेत | ६५०००/ | २८१ |
| १४ | मेलघुम्ती पहिरो नियन्त्रण, भीनपा ५ | भक्त बहादुर कार्की | ५०,०००/ | २८१ |
| १५ | चाम्साली-खोरिया-पिपलबोट गोरेटोबाटो निर्माण भीनपा ५ | उपभोक्ता समिति | १,५०,०००/- | २८१ |
| १६ | धरमघर पहिरो नियन्त्रण, भीनपा ५ | केदार कार्की | १,००,०००/- | २८१ |
| १७ | बाटोकटेरी पहिरो नियन्त्रण, भीनपा ८ | रुप बहादुर तामांग | ५०,०००/- | २८१ |
| १८ | ठुलोढुंगा सडक निर्माण/मर्मत, भीनपा ८ | उ.स. | १,५०,०००/- | २८१ |
| १९ | दुवेचौर कोले सडक, भीनपा ७ | मीन कुमार बस्नेत | ७५,०००/- | २८१ |
| २० | महिला सशक्तिकरण कार्यक्रम, भीनपा ५ | माटी स्वास्थ्य चौ | २५००० | १३८ |
| २२ | धयरे टोल गोरेटो बाटो सिढी निर्माण, भीनपा ५ | उपभोक्ता समिति | १,५०,०००/ | २८१ |
| २३ | सल्लेनी ढिस्का - कल्सरे खानेपानी योजना, भीनपा ४ | उपभोक्ता समिति | १,००,०००/- | २८१ |
| २४ | देविथान मन्दिर अपुरो काम सम्पन्न, भीनपा ७ | उपभोक्ता समिति | ५०,००० | १९२ |
| २५ | पिप्ले भित्ताघर - कार्की गाउँ गोरेटो बाटो निर्माण, भीनपा ४ | उपभोक्ता समिति | १,५०,०००/ | १९२ |
| २६ | फुर्लुंग गोरेटो बाटो तथा देविथान मन्दिर निर्माण, भीनपा ७ | उपभोक्ता समिति | ५०,०००/- | ३०३ |
| २७ | दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १ सुन्द्रावती भगवती मन्दिर परिसरमा पूर्वाधार स्तरोन्नति, भीनपा १ | | १,५०,०००/- | १९२ |
| २८ | विरेन्द्र आ.वि. खेलमैदान निर्माण,भीनपा ७ | | १००,००० | १९२ |
| | मिर्गौला रोगि प्रविण श्रेष्ठ, भीनपा २ लाई आर्थिक सहयोग | | २५,००० | १९२ |
| | विरेन्द्र आ.वि. खेलमैदान निर्माण,भीनपा ७ | | १००,००० | १३८ |
| २९ | २५ एम एम पाईप खरिद, भीनपा ५ (मथानी) | | २५०००/- | १३८ |

ख) यस कार्यालयमा कार्यरत उपशिक्षा निर्देशक (नवौ तह) श्री अर्जुन बहादुर कार्कीको उमेर हदका कारण मिति २०८२/११/१० गतेबाट ५८ वर्ष पूरा हुने भएकोले निजलाई मिति २०८२ फागुन १० गतेदेखि लागू हुनेगरी स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को दफा ७९ बमोजिम अनिवार्य अवकाशको व्यवस्था भए बमोजिम निजलाई पत्र मार्फत जानकारी गराउने ।

ग) यस नगरपालिकामा हस्तान्तरण भई आएको जिल्ला निर्वाचन कार्यालय, दोलखाको बा २ झ २८५ स्कर्पियो सवारी साधन मर्मतको रु ६,११,०८९/- (छ लाख एघार हजार उनन्नब्बे रुपैया) सि.नं. २१९ बाट भुक्तानी दिने ।

घ) यस नगरपालिका क्षेत्रभित्रका बेबारिस शव व्यवस्थापनका लागि खटिने जनशक्तिलाई एकमुष्ठ रु ५,०००/- (पाँच हजार) उपलव्ध गराउने ।

ङ) यस नगरपालिकाको नाममा रहेका विभिन्न सवारी साधनहरु, उपकरण तथा औजारहरु लगायतको मर्मत/खरिद कार्यका लागि स्पेसिफिकेशन, लागत अनुमान तथा सिफारिस गर्न मेकानिकल ईन्जिनियर संख्या १ आवश्यक भएकोले वार्षिक एकमुष्ठ १ लाख (भ्याट सहित) उपलव्ध गराउने गरी नियमानुसार परामर्श सेवामा लिने ।

च) यस नगरपालिकाको मुख्य बजार क्षेत्रमा सिसिटिभी क्यामरा जडानका लागि स्पेसिफिकेशन, लागत अनुमान तथा सिफारिस गर्न सिसिटिभी क्यामरा बिज्ञ संख्या १ आवश्यक भएकोले वार्षिक एकमुष्ठ ३० हजार (भ्याट सहित) उपलव्ध गराउने गरी नियमानुसार परामर्श सेवामा लिने । साथै नगरपालिकाबाट यस अघि जडान भएका ३४ वटा र जडान हुने सिसिटिभी क्यामरा सन्चालन तथा मर्मतका लागि प्राविधिक सेवाका लागि सम्वन्धित फर्मसँग मासिक रु ५ हजार (भ्याट बाहेक) सेवा शुल्क उपलव्ध गराउने गरी सम्झौता गर्ने ।

छ) यस नगरपालिकाको वडा नं. ३, ४ र ६ को मुख्य बजार क्षेत्रमा रहेको चरिकोट ढल आयोजना सन्चालनका लागि १ जना प्लम्बर (दक्ष) करार सेवामा लिने ।

ज) यस नगरपालिकाको वडा नं. ३, ४ र ६ को मुख्य बजार क्षेत्रमा रहेको चरिकोट ढल आयोजना सन्चालनका लागि घरधुरीबाट मुख्य मेनहोलसम्म ढल जडानका लागि आवश्यक पाईप र फिटिंग सम्वन्धित घरधनीले व्यवस्था गर्ने र जडानका लागि प्राविधिक तथा प्लम्बर सेवा तथा पाईप लाईन खन्ने,

पुर्ने तथा मर्मत/ढलान कार्य नगरपालिकाले व्यवस्था गर्ने गरी एक पटकका लागि प्रति घरधनी एकमुष्ठ रु ५,०००/- (पाँच हजार) जडान शुल्क लिने ।

झ) यस नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाई/फोहरमैला व्यवस्थापन र ढल व्यवस्थापनका लागि तपसिल बमोजिमको **खानेपानी, सरसफाई तथा ढल आयोजना सन्चालन तथा व्यवस्थापन एकाई** गठन गर्ने र सो एकाईको O&M गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

तपसिल

क) आयोजना व्यवस्थापक (ईन्जिनियर/सहायक ईन्जिनियर) १ जना

ख) प्राविधिक/सिभिल (सहायक ईन्जिनियर/सव ईन्जिनियर) १ जना

ग) ल्याब प्राविधिक (सव ईन्जिनियर) १ जना

घ) ढल आयोजना सुपरभाइजर १ जना

ङ) सरसफाई सुपरभाइजर १ जना

च) सवारी चालक/व्याक हो लोडर अपरेटर १/१ जना

छ) प्लम्बर/ढल अपरेटर १ जना (सेवा करारमा लिने)

(छ बाहेकका जनशक्ति कार्यालयको मौजुदा जनशक्तिबाट व्यवस्थापन गर्ने)

ञ) यस कार्यालयबाट प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौडामा काजमा खटिईएका हलुका सवारी चालक श्याम कुमार खड्काको करार म्याद २०८२ पौष मसान्तबाट समाप्त भएकोले मिति २०८३ असार मसान्तसम्मको लागि म्याद थप गर्ने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख